# मेलम्ची नगरपालिका कार्यालयको अत्यन्त जरुरी सूचना

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-७ को दफा २७ मा नगरपालिका क्षेत्रभित्र नक्शा पास नगरीकन भवन निर्माण गर्न नहुने व्यवस्था भएकोमा मेलम्ची नगरपालिका क्षेत्र भित्रका केही व्यक्तिहरुले घरको प्लिन्थ लेभलको ईजाजत नलिईकन डिपिसी लेभल तथा सो भन्दा माथिसम्म स्थायी आवास निर्माण गरेको सूचना प्राप्त भएको पाइएकोले उपरोक्त ऐनको दफा ३८ को उपदफा (५) मा भएको व्यवस्था बमोजिम देहाय बमोजिम कारवाही हुने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

१. बाटोको मापदण्ड पालना गरेको तर नगरपालिकाबाट ईजाजत नलिई घर निर्माण गरेको पाइएमा रू. दुई लाख देखि पाँच लाखसम्म जरिवाना लिई घर निर्माण ईजाजत दिइनेछ ।

२. बाटोको मापदण्ड पालना नगरी तथा ईजाजत समेत नलिई घर निर्माण गरेको पाइएमा उक्त घर तत्काल भत्काई सो कार्यमा लागेको सम्पूर्ण खर्च सम्बन्धित घरधनीबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

(देवी प्रसाद थपलिया)
प्रमुख प्रशासकीय अधिकृत